प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## प्रिडिप्लोमा तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ति भर्ना प्रकृयाको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७८/०६/०८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७८/०५/०२ र २०७८/०५/१९ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम शैक्षिक शत्र २०७८/०७९ का लागि प्रिडिप्लोमा तहको वर्गिकृत (निःशूल्क) छात्रवृत्ति छनौटका लागि तोकिएको मिति र समयभित्र Online फाराम भरेका योग्य आवेदकहरु मध्येबाट प्रिडिप्लोमा तहको प्रवेश परीक्षा संचालन ,छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७७ (पहिलो संशोधन २०७८) तथा उल्लेखित सूचना अनुसार योग्यताक्रम तोकी नतिजा प्रकाशित गरिएको व्यहोरा सूचित गरिन्छ । वर्गिकृत (निःशुल्क) छात्रवृत्तिमा छनौट भएका मुख्य प्रशिक्षार्थीहरुले सिफारिस गरिएको शिक्षण संस्थामा मिति २०७८/०६/२२ गते सम्म कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यता, नागरिकता, आफू वर्गिकृत छात्रवृत्तिको जुन समूहमा छनौट भएको हो सो को सक्कल प्रमाणपत्रहरु र Online छात्रवृत्ति छनौट आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित भर्ना भै सक्नु पर्ने छ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका वमोजिम प्रशिक्षार्थीहरु भर्ना गर्नु गराउनु हुन र तोकिएको मिति तथा समयभित्र भर्ना हुन नआई रिक्त रहेको कोटा, भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, अनुमति नं, वर्गिकृत छात्रवृत्तिको समूह समेत उल्लेख गरी ३ (तीन) दिन भित्र यस कार्यालयको इमेल ठेगाना exam@ctevtbagmati.org.np र सो को बोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा अनिवार्य रुपमा पठाउनु हुन समेत अनुरोध छ । प्रकाशित नतिजा यस कार्यालयको Website: www.ctevtbagmati.org.np तथा परिषद्को Website: www.ctevt.org.np मा हेर्न सकिनेछ ।

निर्देशक